# आर्थिक वर्ष २०८१/०८२ को वार्षिक
# नीति तथा कार्यक्रम

## जुनीचाँदे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### मजकोट, जाजरकोट
कर्णाली प्रदेश नेपाल

जुनीचाँदे गाउँपालिकाको १२ औ गाउँ सभामा

जुनीचाँदे गाउँपालिकाका उपाध्यक्ष श्री **बिरेन्द्र बहादुर शाही** ले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/०८२ को वार्षिक

# नीति तथा कार्यक्रम

जुनीचाँदे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मजकोट, जाजरकोट

कर्णाली प्रदेश नेपाल

जुनीचाँदे गाउँपालिका गाउँ सभा अध्यक्ष, सभा सचिव, गाउँ सभा सदस्य ज्यूहरु, गाउँपालिका अन्तर्गतका सम्पूर्ण कर्मचारीहरु।

यस गरिमामय सभामा जुनीचाँदे गाउँपालिका आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु। वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरू र कर्मचारीहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछौं। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

२०८० कार्तिक १७ गते राति बारेकोट गाउँपालिकाको रामिडाँडाँ केन्द्रविन्दु बनाई गएको भुकम्पबाट ज्यान गुमाएका सबै प्रति  भावपूर्ण श्रद्वाञ्जली अर्पण गर्दै घाइते तथा अपाङ्गता भएका सबै प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध जुनीचाँदे गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त जुनीचाँदे गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/०८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द जुनीचाँदे गाउँपालिका र सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

जुनीचाँदे गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, स्वच्छ, सफा र सुन्दर जुनीचाँदे गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध शहरीकरण तथा वस्ति विकासलाइ यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिइएको छ।

**<u>(ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक, आदि )</u>**

नेपालले जनसांख्यिक लाभ लिंदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो जुनीचाँदे गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन जुनीचाँदे गाउँपालिका क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रवाहमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

## (ग) विकास तथा समृध्दिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. ७ नं. वडा बाहेक सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
७. घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

१२. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

**१३.** प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थ (ढुंगाबालुवा ,गिट्टी ,) को मापदण्ड अबलम्बन नगरि अत्यधिक दोहन रोक्नु ।

**१४.** विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

**(घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू (संविधान, प्रचलित कानूनी ब्यवस्था, राष्ट्रिय, प्रदेश र स्थानीय नीति, योजना र लक्ष्य एवम् अनुभव तथा सिकाइ आदि)**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस जुनीचाँदे गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा जुनीचाँदे गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ

प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

**(ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि**

**आर्थिक उपलब्धि**

| **क्षेत्र/उप क्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** | **मौज्दात** |
|---|---|---|---|---|
| आर्थिक विकास | ३०२६८००० | १३८३७१२२ | ४६ | १६४३०८७८ |
| सामाजिक विकास | २३८३३६७०७ | १४९३३४००५ | ६३ | ८९००२७०१ |
| पूर्वाधार विकास | ८०९६५९९९ | २९३६३३३४. | ३६ | ५१६०१६६६ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षत्र | ४५१०००० | ३३९६०७० | ७५ | १११३९३० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १८३७७८८२४ | १३७०८४००७. | ७५ | ४६६९४८१६ |
| जम्मा | | | | |
| **चालु तथा पुँजिगत बजेट विवरण** | | | | |
| **क्षेत्र/उप क्षेत्र** | **विनियोजन** | **खर्च** | **खर्च प्रतिशत** | **मौज्दात** |
| चालु | ३९९८२८५३१ | २८०९८५९०७. | ७०. | ११८८४२६२३ |
| पुँजिगत | १३८०३०००० | ५४१८८४३३ | ३९. | ८३८४१५६७ |
| जम्मा | ५३७८५८५३१ | ३३५१७४३४० | | २०२६८४१९० |

**भौतिक पूर्वाधार विकास (सडक, खानेपानी, सिंचाइ) का क्षेत्रमा भएका उपलब्धी**

**सडक यातायातः**

यस जुनीचाँदे गाउँपालिकामा चालु आ व मा २१ किमि धुले वा कच्ची सडक निर्माण भएको छ ।जुनीचाँदे गाउँपालिकाका ७ नम्बर बाहेक सवै वडामा सडकको पहुँच गाउँपालिकाबाट अन्य गाउँपालिका तथा प्रमुख राजमार्ग सम्मको सडक पहुँचलाइ सुदृढ वनाइएकोछ ।

**रोजगार सेवा केन्द्र तर्फ**

१. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत पारिश्रमिकमा आधारित १९ वटा भौतिक पूर्वाधार सम्पन्न भई ९५ जनाले १०० दिन बराबरको रोजगारी प्राप्त गरेका छन ।
२. मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गत जम्ममा ११ वटा आयोजना सम्पन्न भई २०० जना भन्दा बढिले रोजगारी पाएका छन ।

३. यस पालिकामा संचालनमा रहेका प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता दिइएको छ साथै यि कार्यक्रमलाई प्रभाव पार्नको लागि गाउँपालिका बाट समपुरक कोषको ब्यवस्था गरिएको छ ।

४. पालिकाको विध्यमान बेरोजगार समस्यालाई समाधान गर्न उत्पादनशिल र दिगो रोजगारीका क्षेत्र पहिचान गरि प्रभावकारी कार्यन्वयनको लागि पहल गरिने छ ।

५. श्रम प्रतिको विभेदको अन्त्य गरी श्रमलाई मर्यादित, सम्मानित र न्यायोचित बनाउन श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम संचालन गरिने छ ।

६. पालिकामा सिप तथा दक्षता भएका तर त्यस सम्बन्धी प्रमाण पत्र नभएका युवा शक्तिको पहिचान गरि नेपाल ब्यावसायिक योग्यता प्रणाली (NVQS-ii) परियोजना तथा CTEVT संगको समन्वय तथा सहकार्यमा ति सिप तथा दक्षतालाई प्रमाणिकरण गर्ने कार्य गरिने छ । साथै बेरोजगारीको संख्या घटाउने र श्रम बजारको आवश्यक्ता अनुसार दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न किसिमका सिप विकास तालिमहरु संचालन गरिने छ ।

**सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह) का क्षेत्रमा भएका उपलब्धी**

जुनीचाँदे गाउँपालिकामा साविकका ४ वटा वडाहरुमा वडा नं. ५ मा गर्खाकोट प्रा स्वा केन्द्र वडा नं. १, ९ र ११ मा स्वास्थ्य चौकी र साविकको स्वास्थ्य संस्था नभएको वडाहरु आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालनमा रहेका छन ।पुरुष स्थायी बन्ध्याकरण शिविर सञ्चालन गरियो जसबाट १३ जनालाई सेवा प्रदान गरियो।बोजाबारी र डाडाकोट आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुमा बर्थिङ सेन्टर सञ्चालन गरियो। कार्यालयबाट प्रवाह हुने सार्वजनिक सेवा लगायत शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार आदिमा सूचना प्रविधिको प्रयोग भएकोछ । बर्थिङ सेन्टर नभएका वडाका स्वास्थ्य संस्थाहरुमा आवश्यक मापदण्ड पुरा गरी वर्थिङ सेन्टर सुरुवातको लागी पहल गरिएको छ । विकासका विभिन्न क्षेत्रमा महिला तथा युवाहरूको संलग्नता बढेकोछ । क्षयरोग खोजपड्ताल कार्यक्रम सञ्चालन **गरियो** ।प्रजनन् रुघ्णता तथा VIA कार्यक्रम सञ्चालन गरी पाठ्यघर खस्ने समस्याको व्यवस्थापन तथा जटिल समस्यालाई रिफर गर्ने कार्य गरियो ।गर्भवति महिलालाई भिडियो एक्स रे गरी जटिलता समयमै पत्ता लगाई समस्या समधान गर्ने कार्य गरियो ।

पञ्जिकरण शाखा अन्तर्गत यस पालिका अन्तर्गतका सबै वडाहरुमा विधुतिय पर्णाली द्वारा अनलाइन घटना दर्ता प्रणालीको सुरुवात गरियो । सामाजिक सुरक्षा बैंकिङ प्रणाली मार्फत भुक्तानी गर्ने कार्य गरियो ।व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षालाई वायोमेट्रिक प्रणालीमा आवद्ध गर्नको लागी आवश्यक रकमको व्यवस्था गरिएको छ।

**आर्थिक विकास (कृषि, उद्योग, पर्यटन, सहकारी, रोजगार,,) का क्षेत्रमा भएका उपलब्धी**

कृषि फर्म, कृषि सहकारी संस्था र कृषक समुहलाई ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लागत साझेदारी गरी लगानी गर्न उत्पेरित गरिएकोछ । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिको लगत तयार गरि विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएकोछ । कृषि तथा पशुपालनबाट उत्पादन तथा उत्पादकत्व वृद्वि भई रोजगारी सृजना भएकोछ ।

सिपमुलक तालिम सिलाइकटाई, हातेहोजियारी, तरकारी खेती कृषि, कुखुरा पालन तालिमहरु सञ्चालन गरी रोजगारी वृद्दि गरियो ।

**सुशासन तथा संस्थागत विकास (कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय) भएका उपलब्धी**

योजना अनलाइन प्रणाली लागु गरिएको छ । राजस्व अनलाइन प्रणाली आंसिक रुपमा लागु भएको छ सो कार्यलाई पूर्ण रुपमा लागु गरिनेछ। राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृध्दि भएकोछ ।अनलाइन राजस्व प्रणाली सम्बन्धि तालिम सञ्चालन गरेर कर्मचारीहरुलाई दक्ष जनशक्तिको रुपमा तयार गरियो । राजस्व परामर्श समिति गठन गरीयो ।

कर्मचारी तथा पदाधिकारीहरुको तलब तथा सेवा सुविधा विधुतिय भुक्तानी प्रणाली EFT मार्फत भुक्तानी गर्ने प्रणाली लागु गरियो । नागरिकको सूचनाको हक सम्बन्धि अधिकारलाई सुनिश्चित गर्न सार्वजनिक कार्यक्रमलाई सञ्चालन गरी राष्ट्रिय स्तरको मिडिया मार्फत प्रशारण गर्ने कार्य गरिनेछ। सार्वजनिक सम्पति संरक्षण गर्नको लागी सार्वजनिक सम्पति अनलाइन व्यवस्थापन प्रणाली (PAMS) लागु पूर्ण रुपमा गरियो । आर्थिक कार्यविधि तथा ऐनहरु निर्माण गर्ने कार्य गरियो। करार शिक्षक तथा कर्मचारीहरुलाई आवश्यकता अनुसार दरवन्दी तेरिज अनुसार थप घट गरिनेछ।

**आगामी आर्थिक वर्षको बजेट अनुमान**

| क्र.सं. | स्रोत | रकम | कैफियत |
|---|---|---|---|
| संघिय सरकार | | | |
| १ | समानिकरण अनुदान | ८६१००००० | |
| २ | सशर्त अनुदान चालु | २२९२००००० | |
| ३ | सशर्त अनुदान पुँजिगत | ३०००००० | |
| ४ | समपुरक अनुदान | | |
| ५ | राजस्व बाँडफाड | | |
| प्रदेश सरकार | | | |
| १ | समानिकरण अनुदान | ९२१४००० | |
| २ | सशर्त अनुदान चालु | २०२०००० | |
| ३ | सशर्त अनुदान पुँजिगत | ४१०००००० | |
| ४ | विशेष अनुदान चालु | ९०००००० | |
| ५ | समपुरक अनुदान पुँजिगत | १६२००००० | |
| राजस्व बाँडफाँड | | | |
| १ | संघीय राजस्व बाँडफाँड | ११२९००००० | |

| | | | |
|---|---|---|---|
| २ | प्रदेश राजस्व बाँडफाँड | ९९६८०७ | |
| ३ | आन्तरिक स्रोत | २००००० | |

**(च) आगामी आ.व.को प्रमुख नीति तथा कार्यक्रमहरू**

आदर्णिय गाउँ सभा अध्यक्ष तथा सदस्यहरु,

अब म आ. व. २०८१/०८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### शिक्षा

- विश्वव्यापिकिकरण र बदलिदो परिस्थितिलाई मध्यनजर गर्दै सूचना तथा प्रविधिमा आबद्ध गर्न सम्पूर्ण आधारभूत तहका विद्यालयहरुलाई ब्रोड ब्यान्ड इन्टरनेट सेवाको पहुँच अभिवृदि गरिनेछ ।
- शिक्षाको गुणस्तर अभिवृद्धि गर्न एक वडा एक नमूना विद्यालय स्थापनाका लागि आबस्यक बजेट व्यवस्थापन गरी वालवालिकाको पहुँच सुनिश्चितताको लागि वालमैत्री वडा घोषणा गर्ने व्यवस्था मिलाइनेछ ।
- पालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरु आवि तह (१-५), आवि तह (६-८) र मावि (९-१२) बिच छुट्टा छुट्टै प्रतिस्पर्धा हुने गरी विभिन्न अतिरिक्त प्रतियोगी कार्यक्रम सञ्चालनका लागि आबस्यक बजेटको व्यबस्था गरिएको छ ।
- एक विद्यार्थी एक विरुवा तथा फूल कार्यक्रम सञ्चालन गरी हरित विद्यालयको अवधारणालाई अगाडि बढाइनेछ ।
- उच्च शिक्षा अध्ययनको लागि एक क्यामपस स्थापनाका लागि आवस्यक पहल गरिनेछ ।
- यस गाउँपालिका अन्तर्गत सवै विद्यालयमा कार्यरत प्रअ र शिक्षकहरुको कार्यसम्पादन सुचकको आधारमा बस्तुनिष्ठ मुल्याङ्कन गरी **वर्ष उत्कृष्ट विद्यालय, वर्ष उत्कृष्ट प्रअ र वर्ष उत्कृष्ट शिक्षक**लाई पुरस्कृत गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- जुनीचाँदे गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक विद्यालयवाट पालिका स्तरीय आधारभूत तह उतिर्ण परीक्षा(कक्षा ८), एस.इ.इ. तथा कक्षा १२ को परीक्षामा सहभागी भई सर्वोउत्कृष्ट नतिजा प्राप्त गर्ने १/१ जना छात्र/छात्रालाई पुरस्कृत तथा सम्मान गर्ने कार्यक्रमका लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- कक्षा ८, एस.इ.इ. तथा कक्षा १२ को परीक्षालाई व्यवस्थित, मार्यादित र अनुशासित वनाउन विभिन्न संयन्त्र निर्माण गरिनेछ । परीक्षा केन्द्र भएका विद्यालयहरुमा परीक्षा सञ्चालन खर्चको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ।

- ❖ आधारभुत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा–८) लाई व्यवस्थित, मार्यादित र अनुशासित वनाउनको लागि गाउँपालिका स्तरीय प्रश्न पत्र निर्माण, मोडरेशन,कपी परीक्षण,कपी ढुवानी,केन्द्रध्यक्ष तथा निरीक्षक नियुक्ति,केन्द्र व्यवस्थापन,अनुगमन तथा निरीक्षण आदि जस्ता कार्यका लागि आवश्यक पर्ने वजेटको व्यवस्था गरिएको छ।
- ❖ तोकिएको न्यूनतम सिकाई उपलब्धी हासिल गराउन नसक्ने बिद्यालयहरुलाई गाउँपालिकाबाट दिइने अनुदानमा कटौती गर्ने नीतिको ब्यवस्था मिलाइने छ ।
- ❖ बिद्यालय प्रदान गरिने दिवा खाजालाई अर्गानिक ,पोषणयुक्त, तोकिएको मेनु प्रयोग, सफा र स्वस्थ रुपमा खुवाउने अवस्थाको सुनिश्चितताको लागि अनुगमन संयन्त्र गठन गरी कार्यान्वयनमा लैजाने व्यवस्था मिलाइनेछ ।
- ❖ प्रत्येक मा.वि. तथा निमाविहरुमा किशोरीहरुको लागि वितरण गरिने स्यानीटरी प्याडको लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ अनुसार स्थानीय तह स्तरीय सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समितिको गठन गरि कार्यान्वयन गर्ने र स्यानीटरी प्याड प्रयोगका लागि सचेतना कार्यक्रमको ब्यबस्था मिलाइनेछ ।
- ❖ कक्षा १-८ को पाठ्यक्रममा व्यवस्था भए बमोजिम स्थानीय पाठ्यक्रम निर्माण कार्य सम्पन्न भएको र सोही पाठ्यक्रम बमोजिम पाठ्यपुस्तक निर्माण गरी प्रत्येक विद्यार्थिहरुलाई एक एक वटा पाठ्यपुस्तक छपाइ गरी वितरण गर्नका लागि आवस्यक बजेटको व्यवस्था गरिएको छ ।
- ❖ यस गाउँपालिका भित्रका विद्यालयहरुलाई व्यवस्थित रुपले सञ्चालन तथा व्यवस्थापन गर्नका लागि गाउँ शिक्षा योजना निर्माण गरिएको छ।
- ❖ शैक्षिक सुधार तथा गुणस्तर कायम गर्नका लागि प्रधानाध्यापकहरु, व्यवस्थापन समितिका अध्यक्षहरु, शिक्षक अभिभावक संघका अध्यक्षहरु बिच अन्तर्क्रिया तथा छलफलका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- ❖ नियमित प्रधानाध्यापक तथा गाउँ शिक्षा समितिको वैठक सञ्चालन गर्न आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- ❖ बालवालिकाको शारीरिक, मानसिक, सामाजिक र सवेगात्मक पक्षलाई मध्यनजर गरी खेलकुद क्षेत्रको विकासका साथै जुनीचाँदे गाउँपालिकामा चौथो अध्यक्ष कप अन्तर विद्यालय खेलकुद प्रतियोगिता तथा जिलला स्तरीय राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिताका सञ्चालनका लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- ❖ विद्यालय निरीक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी वनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि आवश्यक वजेटको व्यवस्था गरिएको छ ।
- ❖ दरबन्दी /राहत अनुदान कोटा प्राप्त नभएका र शिक्षा नियमावलीमा व्यवस्था भए वमोजिम दरबन्दी अभाव भएका विद्यालयहरुको अध्ययन अध्यापन कार्यलाइ वालमैत्रीपूर्ण, व्यवस्थित, प्रभावकारी र गुणस्तरीय वनाउन यस गाउँपालिका स्रोतवाट उक्त विद्यालयहरुमा शिक्षण

सिकाई अनुदान कोटा वितरण आवश्यकता अनुसार विद्यालय समायोजन तथा शिक्षक दरवन्दि मिलान कार्यविधि, २०८१ भित्र रही मानवस्रोत व्यवस्थापन गरिनेछ।

- ❖ विद्यालय अनुगमन तथा मूल्याङकनका लागि एउटा संयन्त्र निर्माण गरी सो संयन्त्रले मासिक रुपमा दिएको सुधारका उपायसहितको सुझावलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइने व्यवस्था मिलाइएको छ।
- ❖ विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यविधि, २०८१ का आधारमा यसै शैक्षिक शत्रमा विद्यालय समायोजन र शिक्षक दरदन्दी मिलान गरिनेछ ।
- ❖ एकिकृत पाठ्यक्रम(१-३), पाठ्यक्रम (६- ८), र पाठ्यक्रम (९ -१२) सम्बन्धी पाठ्यक्रम प्रवोधिकरण तालिम सञ्चालन गरियो।
- ❖ वालविकास शिक्षक तथा विद्यालयका कार्यालय सहयोगीहरुलाई तालिमका लागि आबस्यक बजेटको व्यवस्था गरिनेछ ।
- ❖ प्रधानाध्यापकहरुलाई प्रदान गरिने प्रअ भत्ता न्यून भएकोले थप प्रअ प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ।
- ❖ गाउँपालिकाको स्रोतबाट तलव भत्ता खाने शिक्षक तथा अन्य कर्मचारीहरुको विद्यालय समायोजन तथा शिक्षक दरवन्दी मिलान कार्यविधि, २०८१ बमोजिम व्यवस्था गरिनेछ।
- ❖ अन्तरविद्यालय शैक्षिक ज्ञान सिप अनुभव आदानप्रदान गर्नका लागि शैक्षिक मेला प्रदशनी गर्न आवस्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- ❖ सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाई क्षमता अभिबृद्धि तालिम सञ्चालनका लागि आबस्यक बजेटको व्यवस्था मिलाइनेछ ।
- ❖ विद्यालयको तथ्याङक व्यवस्थित गर्नका लागि इमिस तालिमको लागि आबस्यक बजेटको व्यवस्था गरिएको छ ।
- ❖ "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरुसँग सहकार्य र साझेदारी गरिनेछ।
- ❖ विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ।
- ❖ शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय-अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक ब्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।
- ❖ आमा बुवा दुवै नभएका टुहुरा १८ बर्ष मुनिका उच्च शिक्षा (स्नातक तह) पठन पाठनमा लाग्ने शुल्क व्यवस्थापन गरिने छ ।

❖ यस गाउँपालिकाको वडा नं. ७ मा मातृ भाषामा शिक्षण गराउनको लागी १ जना शिक्षकको व्यवस्थापन गरिएको छ।

**क. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम**

१. गाउँपालिका भित्र आयोजना हुने मेला महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

२. सबै खाले रात्रि लाग्ने मेला जात्राहरु पैठ र चौथरा मेला बाहेक सबै रात्रिकालिन मेला जात्राहरु सबै बन्देज लागाइ कृषि हाट बजार र जुनीचाँदेको सास्कृति झल्काउने खालका दिवा मेलाको थालनी गरिने छ ।

**ख. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम**

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

४. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन बिजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

७. गाउँपालिकाका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

८. उपाध्यक्ष संग खेलाडी भेटघाट कार्यक्रम लागु गरिने छ ।

**ग. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम**

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

५. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
६. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।
७. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।
८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
१०. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
११. पालिका स्तरिय जेष्ट नागरिक समिति गठन गर्ने कार्य गरिनेछ ।
१२. जेष्ठ नागरिक संग उपाध्यक्ष भेटघाट कार्यक्रम ल्याइनेछ ।

**घ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम**

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिकाक्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्यकेन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।
२. नागरिकहरुलाई मृगौला, मुटु, उच्च रक्तचाप, मधुमेह जस्ता रोगको निःशुल्क जाँच र उपचारको प्रबन्ध मिलाइने छ।
३. सामुदायिक विद्यालयहरुमा विद्यार्थीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ।
४. सञ्चालनमा बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइको स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ र बर्थिङ्ग सेन्टर नभएका वडाहरुमा नया बर्थिङ्ग सेन्टर स्थापना गरी दक्ष जनशक्ति व्यवस्थापन गरी सेवा सूचारु गरिनेछ।
५. नेपाल रेडक्रस सोसाइटीसँग सहकार्य गरी रक्त सञ्चार सेवालाई सहज तुल्याइन के गर्न सकिन्छ पहल गरिनेछ।
६. आर्थिक रुपमा अति विपन्न गाउँपालिकावासीहरुको स्वास्थ जाँच र उपचारका लागि निजहरुलाई अस्पताल ल्याउन-लैजान एम्बुलेन्स सेवाको प्रबन्ध गरिनेछ।
७. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ।
८. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधणका कार्यहरु संचालन गरिनेछ।
९. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ।
१०. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ।

११.स्वास्थ क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको शुल्कलाई नियमन गरिनेछ।
१२.गरीव तथा पछाडी परेका जनसमुदायहरुलाई निःशुल्क  स्वास्थ्य बीमा गरिनेछ।
१३.स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ।
१४.सामुदायिक स्वास्थ्य स्वयं सेविकालाई बार्षिक जनही १० हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइने छ ।

## २. आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

२.१ स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिनेछन ।

२.२ उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।

२.३ नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।

२.४ स्थानीय तहको कुल बजेटमा स्थानीय आर्थिक विकासका क्षत्रमा गत आ व भन्दा ३ प्रतिशत लगानी वृद्धि गरी बजेट खर्चको व्यवस्था मिलाइने छ ।

### क. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ।औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. औधोगिकग्राम पूर्वाधार निर्माण कार्य सार्वजनिक निजी साझेदारी अवधारणामा सञ्चालन गरिनेछ ।

३. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

४. नया उद्यमीहरुलाई सहयोग गर्न व्यवसाय सहायता कक्ष सञ्चालन गर्न र सहयोग गर्नका लागि लक्षित कार्यक्रमको व्यवस्था गरिने छ ।

५. उद्यमिहरुलाई स्थानिय तहमा व्यवसाय दर्ता र नविकरणलाई अनिवार्य गराई ८० प्रतिशत भन्दा बढी व्यवसायहरुलाई सम्मान पुर्वक आन्तरिक व्यवस्था गरिने छ ।

६. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ।
७. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।
८. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।
९. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।
१०. विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।
११. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादन पाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।
१२. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।
१३. अन्तर गाउँपालिका/नगरपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ।
१४. स्थानीय तहले कम्तिमा १५ प्रकारका स्वदेसी उत्पादन प्रयोग ल्याइ अभिलेख राखी व्यवस्थापन गरिने छ ।
१५. स्थानीय उत्पादनको बजारीकरणका लागी कम्तिमा ३ स्थानमा साप्ताहिक कृषि तथा पशुपन्छि जन्य उपजको हाट बजार सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।
१६. उपभोक्त अधिकार खाद्य स्वच्छता तथा सुशासन सम्बन्धि सचेतना वडाहरुमा आ व २०८१/०८२ को सुरुमा समिति गठन गर्ने व्यवस्था मिलाइने छ ।
१७. आम उपमोक्ताले गुणस्तिरिय सामाग्री प्रयोग गर्न पाउने र अवैध रुपमा गरि रहेका व्यापार व्यवसायहरुलाई कानुनी दायरामा ल्याइने छ ।
१८. पञ्चाला मन्दिर, नारायण मन्दिर, विलिवर्स स्टेन चर्च, सधारगाउँ मन्दिर, ढङ्गाउँ मष्ट मन्दिर पर्यटन प्रवद्धन गर्न पहल गरिने छ ।

**ख. कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यक्रम**

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गरिनेछ।
२. उत्कृष्ट कृषक प्रोत्साहन कार्यक्रम लागु भएको चालु आ व मा २ जना कृषकलाई रु.२५०००। का दरले रकम प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।
३. गाउँपालिका भित्रका सबै वडाहरुमा पशु विमा लागु गरिनेछ ।

४. **रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको** लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराइनेछ।

५. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ।

६. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ।

७. उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादकमाथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि मुख्य कृषि उपजको गाउँपालिका भित्र समर्थनमुल्य निर्धारण गरिनेछ।बजारमा हुने मागको जोखिमलाइ न्यूनीकरण गर्न ब्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले विक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy back guarantee) गरिनेछ ।

८. ब्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ।

९. मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ।

१०. कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाइ थप प्रभावकारी वनाउने क्रममा कृषि उपजको बजारीकरणका लागि **कृषि बजार प्रणाली सप्टवयर** निर्माण गरी कार्यान्वयनमा ल्याउने ।

११. तरकारी उत्पादनको लागि ब्यावसायिक, करेसावारी, बगरखेती, करार खेती र कौशी खेतीको लागि तालिम, प्रविधि र लगानीको ब्यवस्था सहितको नमूना कार्यक्रम संचालन गरी प्रोत्साहन गरिनेछ ।

१२. सम्भावना र आवश्यकताको पहिचान गरी एक वडा एक बालीवस्तु उत्पादन क्षत्र घोषणा गरी (किवि, सुन्तलाजात फलफुल, मह उत्पादन, ओखर, अदुवा, वेसार, बाख्रा, भेडा) उत्पादनका लागी व्यस्था मिलाइने छ ।

१३. कृषि आधुनिकिकरण र व्यवसायिकताको लागि प्रविधि, उपकरण प्रयोग र लगानीलाई प्रोत्साहन गरिने छ ।

१४. कृषि संकलन केन्द्र स्थापना ४ वटा मजकोट, गर्खाकोट, दह र कोर्ताङमा पहल गरिने छ ।

१५. कृषि सेवा केन्द्र साविकको ४ गा.वि.स. गर्खाकोटको कोर्ताङ, दहको र मजकोटको परालेमा स्थापना गरिनेछ।

१६.

**ग. सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइने छ।
३. जुनीचाँदे गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिनेछ।
६. राज्यको ३ खम्बे अर्थ नीति रहेको सहकारी क्षेत्रलाई ब्यवस्थित र प्रभावकारी कार्यन्वयनको लागि नियमित अनुगमन, निरिक्षण र कार्यशाला गोष्ठी तथा अन्तर्क्रिया बैठकहरु संचालन गरिने छ । यसको लागि आवश्यक पर्ने बजेट गाउँपालिकाबाट विनियोजन गरिएको छ ।
७. सहकारी संस्थालाई प्रभावकारी कार्यन्वयको लागि संस्थाका पदाधिकारी तथा कर्मचारीलाई सहकारी शिक्षा, सहकारी ब्यवस्थापन, लेखा ब्यवस्थापन कोपोमिस जस्ता क्षमता विकासका तालिमहरु संचालन गरिने छ । यसको लागि आवश्यक बजेटको ब्यवस्था गाउँपालिकाले गरेको छ । र थप सहयोगको लागि सहकारी विभाग, संघीय तथा प्रादेशिक रजिष्ट्रारको कार्यलयसंग समन्वय र सहकार्य गरिने छ ।

### ३. सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. पत्रकार महासंघको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिका सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको सुरुवात तथा व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिनेछ।
३. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
४. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै जुनीचाँदे गाउँपालिकालाई सूचनामैत्रि बनाइनेछ।

### ४. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

५. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाइ **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ ।

**५. सुशासनसार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम ,**

१. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

२. यस जुनीचाँदे गाउँपालिकामा दिर्घकालिन रुपमा थप आर्थिक व्ययभार पर्ने गरी नया कार्यालयहरु स्थापना गरिने छैन उस्तै प्रकृतिका कार्य गर्ने कार्यालयलाई एक आपसमा गाभ्ने निति लिइने छ ।

३. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।

४. जुनीचाँदे गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

५. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

६. जुनीचाँदे गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

७. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

८. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन गाउँपालिका तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

९. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१०. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

११. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

१२. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१३. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१४.यस गाउँपालिका र अन्तर्गत रहेका वडाहरुमा अनलाईन राजस्व संकलन प्रणाली पूर्ण रुपमा लागु गरिनेछ ।

१५.दर्ता चलानी तथा कार्यलयका अन्य सिफारिसहरुलाई व्यवस्थित गर्न अनलाइन व्यवस्थापन प्रणाली, भौगोलिक विकटतालाई मध्यनजर गर्दै कर्मचारीका दैनिक क्रियाकलाप तथा विदा लगायत अन्य विवरण व्यवस्थित गर्न अनलाइन कर्मचारी सूचना व्यवस्थापन प्रणालीलाई अवलम्वन गरिनेछ ।

१६.यस जुनीचाँदे गाउँपालिकामा सामाजिक सुरक्षा भत्तामा आवद्र लाभग्राहीले प्राप्त गर्ने रकम विधुतिय भुक्तानी प्रर्णाली (EFT) मार्फत वितरण गर्ने प्रणाली अवलम्वन गरिएको छ।

## ६. वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

### क. खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. शुन्य फोहर प्रणाली सरसपफाइ केन्द्र मार्फत आधुनिक प्रविधि अपनाइ वहुउपयोग (विटुमिन, प्लाष्टिक ब्लक, ) गरिनेछ ।

६. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

७. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

### ख. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

१. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

२. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

३. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

४. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

५. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई ब्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइने छ।

६. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

७. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

८. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

९. रेड पाण्डा संरक्षण तथा वन्यजन्तु विभिन्न प्रजातिका पञ्छिहरुको संरक्षणको लागी विशेष पहल गरिने छ ।

१०.एक वडा एक वन संरक्षण नीति ल्याइनेछ।

## ७. भौतिक पूर्वाधार विकास (शहरी योजना, वस्ति विकास, आवास तथा पूर्वाधार) सम्बन्धी नीति तथा कार्यक्रम

१. आवधिक योजना, आवास योजना, र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी "आयोजना बैंक" तयार गरिने छ। सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ।

३. गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी वस्ति विकास योजना सहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा वस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य ब्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।

४. दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन।

६. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

७. घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नु पूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिईनेछ।

८. नेपाल राष्ट्रिय भवन संहिता २०६०, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, राष्ट्रिय भू-उपयोग नीति, भवन तथा योजना मापदण्ड २०५६ लगायतका राष्ट्रिय प्रादेशिक इवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित निर्माण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

९. भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।

१०.गाउँपालिका भित्र भु-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ।

११.गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी सडक मापदण्डको समस्यालाई समन्वय गरी समाधान गरिनेछ।

१२. गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ ।

१३.पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजीक्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१४.देसिपाटा सुगुर गल्फा कालढुङगी भालुकुइया कृषि सडक निर्माण गरिने छ ।

१५.लामातडा हुदै गर्खा, वुदिडाडा जुम्ला सडकलाई निरन्तरता दिइने छ ।

१६.औलखोला, पराले, पञ्चाला हुदै दैलेखको नौमुले सम्म सडक विस्तार गरिने छ ।

१७.सानाखोला, तिमिले वासुधारा हुदै मैप सडक निर्माण गरिने छ ।

१८.सुइयाडा, पातिहाल्ना, मजकोट हुदै सानाखोला सम्म सडक स्तर उन्नति गरिने छ ।

१९.पर्यटन क्षत्र अन्तर्गत वासुधारा, नाइढुङगी जस्ता क्षत्रहरु पहिचान गरी आवश्यक बजेटको व्यवस्थापन गरिने छ ।

२०.सानाखोला, देउसुले जुनी सडक लाई प्राथमिकतामा राखिने छ ।

२१.संघ र प्रदेशबाट बजेट सहित प्राप्त भएका आयोजनाहरु पनि हाम्रो नीति कार्यक्रम प्रस्तुत गर्ने ।

२२.मटेला, रातिखाली, औल सडक निर्माण कार्यमा पहल गरिने छ ।

२३.श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि क्रियाकलाप सञ्चालन गरी रोजगारी श्रृजना गरिने छ ।

२४.रोजगार संवाद मञ्चको सञ्चालन गरिने छ ।

२५.स्थानीय तहको रोजगार रणनीति तर्जुमा, अध्यावधिक र कार्यन्वयन गरिने छ ।

**८. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम**

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

६. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

७. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

८. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

९. प्रदेश सरकारबाट तर्जुमा भएका आयोजना हरु स्थानीय तह संग समन्वय गरी टेन्डर प्रक्रिया मार्फत सञ्चालन गर्ने नीति लिइने छ।

१०. गाउँपालिकामा भएका अपाङ्गहरुलाई आय आर्जन र सिप विकासको लागी व्यवस्था मिलाईने छ।

११. गाउँपालिका स्तरिय कृषि मेला प्रदर्शनी सञ्चालन गरिने छ।

१२. मध्यकालिन खर्च संरचना गुरु योजना यसै आ व मा स्थापना गरिने छ। साथै कृषि गुरु योजना ल्याइनेछ।

१३. पर्यटन रणनैतिक योजना निर्माण गरी पर्यटन प्रवद्वनमा व्यवस्थापन गरिनेछ।

१४. जुनीचाँदे गाउँपालिका भित्रका आर्थकि तथा सामाजिक रुपमा पछि परेका विपन्न वर्गका २०० जना नागरिकहरुलाई लघु विमा कार्यक्रम सञ्चालन गरिनेछ।

१५. बालविवाह न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१६. गर्भवती महिलाहरुलाई भिडियो एक्स-रे कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७. एम डि आइ नेपाल र छ्या नेपाल लगायत साझेदारी संस्थाहरुसंग साझेदारी कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गरिनेछ।

जस्तै

**धन्यवाद**